# सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
## निर्वाचन अधिकृतको कार्यालय
### निर्वाचन कार्यक्रमको सूचना

सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लि. को सञ्चालक समितिमा संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनको प्रयोजनको लागि निम्न लिखित बमोजिमको निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | कार्यक्रम | मिति | समय | स्थान |
|---|---|---|---|---|
| १. | मतदाता नामावली प्रकाशित गर्ने | २०७९/०४/०२ गते | अपरान्ह ४:०० बजे | निर्वाचन अधिकृतको कार्यालय, सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड , केन्द्रीय कार्यालय, टेकु, काठमाण्डौं । |
| २. | मतदाता नामावलीमा दावी विरोध गर्ने | २०७९/०४/०३ | बिहान १०:०० बजे देखि ११:०० बजे सम्म | ऐ.ऐ. |
| ३. | मतदाता नामावलीमा छानविन गरी अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | २०७९/०४/०३ | अपरान्ह २:०० बजे | ऐ.ऐ. |
| ४. | उम्मेदवारको मनोनयन-पत्र दर्ता गर्ने | २०७९/०४/०४ | बिहान १०:०० बजे देखि अपरान्ह २:०० बजे सम्म | ऐ.ऐ. |
| ५. | मनोनयन-पत्र दर्ता भएका उम्मेदवारहरुको सूची प्रकाशित गर्ने | २०७९/०४/०४ | अपरान्ह २:३० बजे | ऐ.ऐ. |
| ६. | उम्मेदवारको विरोधमा उजुरी दिन सक्ने | २०७९/०४/०४ | अपरान्ह ३:०० बजे देखि अपरान्ह ४:०० बजे सम्म | ऐ.ऐ. |
| ७. | मनोनयन-पत्रको जांच र उजुरी उपर निर्णय गरी उम्मेदवारको नामावली प्रकाशित गर्ने | २०७९/०४/०४ | अपरान्ह ५:०० बजे | ऐ.ऐ. |
| ८. | उम्मेदवारले आफ्नो नाम फिर्ता लिने | २०७९/०४/०५ | बिहान १०:०० बजे देखि अपरान्ह १२:०० बजे सम्म | ऐ.ऐ. |
| ९. | उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने | २०७९/०४/०५ | अपरान्ह ३:०० बजे | ऐ.ऐ. |
| १०. | मतदान गर्ने | २०७९/०४/०६ | सभास्थल( होटल हिमालय) मा सूचना टांस गरी जानकारी गराइनेछ । | सभास्थल( होटल हिमालय) मा सूचना टांस गरी जानकारी गराइनेछ । |
| ११. | मतगणना गर्ने | २०७९/०४/०६ | मतदान प्रक्रिया सम्पन्न भई सबै मतपेटिकाहरु सङ्कलन भए पश्चात । मतगणना शुरु हुने समय मतदान स्थलमा सूचना प्रकाशन गरी जानकारी गराईनेछ । | ऐ.ऐ. |
| १२. | मतगणना परिणाम घोषणा गर्ने | मतगणना कार्य सम्पन्न भए पश्चात यथाशिघ्र | | |

मितिः २०७९/०३/२७

(छाप: सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लि. काठमाडौं)

हस्ताक्षरः

निर्वाचन अधिकृतः डा. रुद्र शर्मा

निर्वाचन सम्बन्धि थप जानकारी

१. निर्वाचन सम्बन्धी कार्य सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड सञ्चालक निर्वाचन कार्यविधि निर्देशिका, २०७४ अनुसार सम्पन्न गरिनेछ ।
२. निर्वाचन अधिकृतको कार्यालय कम्पनीको केन्द्रीय कार्यालय टेकु, काठमाण्डौमा रहेकोछ ।
३. उम्मेदवारको मनोनयनपत्र फारम निर्वाचन अधिकृतको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
४. संगठित संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक बाहेक सञ्चालक पदमा उम्मेदवारी पेश गर्ने शेयरवालाले कम्तीमा १०० कित्ता शेयर आफ्नो नाममा लिएको हुनु पर्नेछ ।
५. कम्पनी ऐन, २०६३ को दफा ८७(२) बमोजिम सञ्चालक नियुक्त गर्ने संगठित संस्थाले आफ्नो तर्फबाट सञ्चालक मनोनित गरी माथि क्रम संख्या ४ मा उल्लेखित समय भित्र पेश गर्नुपर्नेछ ।
६. सञ्चालक पदमा उम्मेदवारी पेश गर्ने शेयरवालाले आफ्नो समूहको एक जना शेयरवाला प्रस्तावक र अर्को एक जना शेयरवाला समर्थक सहित तोकिएको ढांचामा उम्मेदवारी पेश गर्नुपर्नेछ ।
७. कुनै उम्मेदवारले माथि निर्वाचन कार्यक्रमको क्रम संख्या ८ मा उल्लेखित समय पश्चात मतदान शुरु हुनु अगावै आफ्नो उम्मेदवारी फिर्ता लिन चाहेमा अध्यक्षको स्वीकृती लिई उम्मेदवारी फिर्ता लिनसक्नेछ ।
८. मतदाताको मताधिकार निजले लिएको शेयरको अनुपात बमोजिम हुनेछ र मतदान गर्दा आफु जुन समूहको शेयरवाला हो सोही समूहको उम्मेदवारलाई मात्र मतदान गर्नुपर्नेछ ।
९. प्रतिनिधि मार्फत सभामा भाग लिने र निर्वाचनमा मतदान गर्ने प्रतिनिधि एकै व्यक्ति हुनु पर्नेछ ।
१०. निर्वाचन सम्बन्धी काम कुराका सम्बन्धमा निर्वाचन अधिकृतको निर्णय मान्य हुनेछ ।
११. निर्वाचन सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा निर्वाचन अधिकृतको निर्णय अन्तिम हुनेछ ।
१२. निर्वाचन सम्बन्धी अन्य आवश्यक जानकारी निर्वाचन अधिकृतको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लि. काठमाडौं

मिति २०७९/०३/२७

निर्वाचन अधिकृत